# माण्डवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर,प्यूठान
५ नं. प्रदेश, नेपाल

## नदीजन्य पदार्थको विक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना ।

(प्रथम पटक प्रकाशित मिति : २०७७/०५/२९

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ११ (घ)६,प्रदेश नं ५ को प्रदेश आर्थिक ऐन,२०७७ को अनुसूची ६ तथा नदीजन्य पदार्थ व्यबस्थापन कार्यविधि २०७५ एवं माण्डवी गाउँपालिकाको आर्थिक ऐन,२०७७ तथा माण्डवी गाउँपालिका जस्पुर प्युठानको मिति २०७७।०५।२७ गते बसेको कार्यपालिका बैठकको निर्णय कार्यान्वयनार्थ तपसिलमा उल्लेखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी माण्डवी गाउँपालिकाले तोकेको दरमा नघट्ने गरि निर्धारित मापदण्ड तथा स्विकृत प्रारम्भिक वातावरणिय परिक्षण(IEE)प्रतिवेदनमा उल्लेखित नियम तथा सम्झौता एवं तोकिएका शर्त बमोविम नदीजन्य पदार्थको विकि शुल्क असुल उपर गर्न चालु आ.व २०७७।०७८ को लागि रितपुर्वक शिलबन्दी दरभाउपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएकोछ ।

तपसिल

| सि.नं. | सूचना नं./बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन् परिणाम (घन मिटर) | न्यूनतम बोलपत्र रकम (सेवाशुल्क र मू.अ.कर सहित) | धरौटी रकम | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १ | ०१/MRM/२०७७/०७८ | माण्डवी गाउँपालिका भएर बग्ने माडी, झिमरुक र अरङ्ग खोलाको बगर क्षेत्र बाट नदीजन्य पदार्थको उत्खनन् तथा संकलन गर्ने कार्य | IEE को प्रतिवेदन अनुसार | १७,००,०००।०० | ४३,०००।०० | १०००।०० |

शर्तहरु :

१। फर्मको हकमा नबीरकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७६।०७७ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, बोलपत्र फाराम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको रसिद वा सिभिल बैंक कार्यालय जस्पुरमा रहेको यस कार्यालयको राजश्व खाता नं.०६७१०१९३०४९०८६ मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र कार्यालयबाट बोलपत्र फाराम खिरद गर्न सकिनेछ । दरभाउपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको लगतै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ ।

माण्डवी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जस्पुर,प्यूठान

५ नं. प्रदेश, नेपाल

माण्डवी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जस्पुर, प्यूठान ५ नं. प्रदेश नेपाल २०७४

२। दरभाउपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आफुले कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको .सिभिल बैंक जस्पुरमा रेहको धरौटी खाता नं.०६७१०१९३०४९०३५ जम्मा गरी सोको सक्कल बैंक भौचर वा ईजाजत प्राप्त क बर्गको बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र प्याकेज नाम उल्लेख गरी ७५ दिनको म्याद सहित जारी गरिएको बिड बण्ड सिलबन्दी खाम साथ पेश गर्नुपर्नेछ ।

३। खरिद गरेको दरभाउपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण प्रोपाईटरको नाम, ठेगाना, फोन नं., मोबाईल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिनको दिउसो.१२ बजे भित्र यस कार्यालयमा हार्डकपी दर्ता गर्नु पर्नेछ ।

४। एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाईने छैन । रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिन २ बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधीहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन विदा परेमो सो कार्य विदाको लगत्तै कार्यालय खुलेको दिनमा गरिनेछ ।

५। प्रि-बिड बैठक यो सूचना प्रकाशित मितिले ७ औं दिनको २ बजे माण्डवी गाउपालिको कार्यालयमा हुनेछ । ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिन यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ । उक्त दिन विदा परेमा उक्त बैठक सो को भोलिपल्ट सोही समयमा हुनेछ ।

६। बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा कारण सहित नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७। बोलपत्र स्वीकृत भएमा सो को सूचना पाएको वा सूचना टाँस भएको मितिले ७ दिनभित्र संझौता अंकको सार्बजनिक खरिद ऐन बमोजिमको कार्यसंपादन जमानत नगद वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको कार्यसंपादन जमानत लिई कबोल अंकको प्रथम किस्ता बापत २० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ । दोश्रो किस्ता बापत ५० प्रतिशतले हुने नगद रकममा मु.अ. क. समेत मिति २०७७।१२।३० गतेभित्र यस कार्यालयमा बुझाउनु पर्नेछ । र अन्तीम किस्ता २०७८।२।२० गते भित्र बुझाउन पर्ने छ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।

८। तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलत्रप बन्दोबस्त गरिनेछ । गाउँपालिकाको नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ सम्बन्धित स्थानीय तहबाट जारी भएको कानून, प्रदेश कानून

माण्डवी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जस्पुर, प्यूठान ५ नं. प्रदेश नेपाल २०७४

तथा अन्य प्रचलित कानून वा कार्यबिधि मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको बातावरणीय अध्ययन प्रतिवेदन तथा बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

नोट : विस्तृत जानकारीको लागि यस कार्यालयको Website : www.mandavimun.gov.np मा समेत हेर्न सकिने छ । वा सम्पर्क कार्यालयको सम्पर्क नम्वर ९८५७८३६००६ फोन गर्नसक्नुहुनेछ ।

.................................

शिसिर रिजाल

प्रमुख प्रशासकीय अधिकृत

शिसिर रिजाल

प्रमुख प्रशासकीय अधिकृत